# नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ
# THE ASSOCIATION OF CHARTERED ACCOUNTANTS OF NEPAL

ACAN


**33rd Executive Committee:**

**President**
CA. Ananda Raj Sharma Wagle

**Vice President**
CA. Ramesh Kumar Dhital

**General Secretary**
CA. Tej Prasad Subedi

**Treasurer**
CA. Sushil Ghimire

**Executive Members**
CA. Tika Ram Karki
CA. Sanjeeta Nepal
CA. Tanka Upreti
CA. Manish Aryal
CA. Shesh Mani Dahal
CA. Anil Lamichhane

**Immediate Past President**
CA. Hari Kumar Silwal


मिति: २०७८/०९/०६

श्रीमान अध्यक्ष ज्यू,
नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था,
आइक्यान मार्ग, सातदोबाटो ललितपुर ।

**विषय : आयकर सम्बन्धि अध्ययन प्रतिवेदन पेश गरेको वारे ।**

मोहदय,

उपरोक्त विषयमा कूनै पनि निकायले शेयर प्रिमियमवाट जारी गरेको रकमवाट बोनस जारी गर्दा संस्थालाई आयकर लाग्ने वा नलाग्ने विषयमा पटक पटक थरी थरीका धारणा विभिन्न सरोकारवाला मार्फत आएकाले करदाता र अधिकांश लेखाव्यवसायी सदस्यहरुले आफनो राय प्रकट गर्न द्धुविधा रही आएको जानकारी हामीलाई प्राप्त भएको छ । यस विषयमा विभिन्न सरोकारवालाका थरी थरीका धारणा रहीआएकोले फरक मतको आधारहरु के कस्ता छन भनी सदस्यहरुको मतका आधारहरुलाई संकलन गर्ने तथा उपरोक्त विषयमा कर लाग्ने नलाग्ने निष्कर्श प्राप्त गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघले केन्द्र तथा आफ्ना जिल्ला समिति मार्फत छलफल चलाई अध्ययन गरी अध्ययन प्रतिवेदन पेश गरेको छ ।

नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघद्धारा जारी गरीएको यसै साथ संलग्न प्रतिवेदनलाई थप अध्ययन गरी लेखाव्यवसायी सदस्यको रायमा एकरुपता प्रदान गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्था अन्तर्गत गठित प्राविधिक समिति वा Expert Advisory Committee मार्फत उक्त प्रतिवेदनलाई थप अध्ययन गरी यस विषयमा संस्थाको आधिकारीक धारणा सहित सदस्यका लागि Guidance Note जारी गर्न अनुरोधका साथ  यो निवेदन प्रस्तुत गर्दछौं ।

नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ

सिए. आनन्द राज शर्मा वाग्ले
अध्यक्ष


Post Box No. 25444, Babarmahal, Kathmandu
Tel.: 977-1-4253068, Email: acan@ntc.net.np, www.acan.org.np


Scanned with CamScanner

# नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ

## बबरमहल, काठमाडौं

## *शेयर प्रिमियमबाट बोनस शेयर जारी गर्ने निकायलाई आयकरको प्रभावका सम्बन्धमा तयार गरीएको अध्ययन प्रतिवेदन*

**परिचय र पृष्ठभुमी :**

नेपाल चार्टर्ड एकाउण्टेण्टस् संघ बि.सं २०३५ सालमा स्थापना भएको गैरनाफामूलक, गैर राजनितिक, पेशागत संघ हो । यसको मुख्य उद्धेश्य देशमा लेखाव्यवसायको संरक्षण एवम् सम्वर्द्धन गरी सुव्यवस्थित एवम् सुचारु रुपले लेखा व्यवसाय संचालन गराउने तथा सदस्यहरुको सामूहिक हितको संरक्षण गर्नु हो । यो संघ चार्टर्ड एकाउटेण्टहरुको छाता संगठन भएकोले लेखापरीक्षण, लेखा तथा लेखामान, करपरीक्षण, कर-परामर्श आदि विषयमा विज्ञहरुको जम्मा हुने थलो हो । यस संघमा हालसम्म २५६० चार्टर्ड एकाउण्टेण्ट सदस्य रहेको र काठमाडौंको अतिरिक्त देशका ८ प्रमुख शहरहरु विराटनगर, जनकपुर, विरगंज, चितवन, पोखरा, बुटवल, नेपालगंज र धनगढीमा जिल्ला समिति मार्फत सेवा र सामाजिक कार्य गर्दै आएको अवगत गराउदछौं । यस संघले आफनो प्रतिनिधित्व सबै प्रदेशमा हुने गरी प्रादेशिक संजाल निर्माणको कार्यमा तिव्रता दिदै अघि बढेको जानकारी समेत गराउदछौ । यस संघले नेपाल सरकार अर्थ मन्त्रालयलाई वर्षेनी आर्थिक ऐनमा संसोधन तथा वजेटका लागि सुझाव, नेपाल राष्ट्र बैंकलाई मौद्रिक नीतिका लागि सुझाव दिदै आएको र यसका अतिरिक्त विभिन्न ब्यापारीक संगठनमा सल्लाहाकारको रुपमा समेत प्रतिनिधि पठाउदै आएको समेत जानकारी गराउदछौ । विगतमा यस संघले आन्तरिक राजस्व विभाग र विभिन्न वस्तुगत संघसंगको साझेदारीमा कर ज्ञानमाला नामक करसम्बन्धि पाठ्य सामाग्री प्रकाशन गरी कर साक्षारता कार्यक्रमलाई अघि वढाएको समेत स्मरण गराउदछौं । कर साक्षरता, कर लेखापरीक्षणको क्षेत्रमा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संघ सदैव क्रियाशिल रही आएको छ ।

कूनै पनि निकायले शेयर प्रिमियमबाट जारी गरेको बोनस शेयरमा लाभांश करका अतिरिक्त सो संस्थालाई आयकर लाग्ने नलाग्ने विषयमा पटक पटक थरी थरीका धारणा विभिन्न सरोकारवाला मार्फत आएकाले करदाता र अधिकाशं लेखाब्यवसायी सदस्यहरुले आफनो राय प्रकट गर्न द्धुविधा रहि आएको जानकारी हामीलाई प्राप्त भएको छ । फरक मत रहीआएकोले फरक मतको आधारहरु के कस्ता छन भनी सदस्यहरुको फरक मतका आधारहरुलाई संकलन गर्ने तथा उपरोक्त विषयमा कर लाग्ने नलाग्ने निष्कर्ष प्राप्त गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघले केन्द्र तथा आफ्ना जिल्ला समिति मार्फत छलफल चलाई अध्ययन गर्ने जमर्को गरेको थियो । यस अध्ययन प्रतिवेदनको निश्कर्ष हाम्रा सदस्यहरुसंगको छलफल तथा संकलित रायहरुबाट प्राप्त भएको हो । यस संघका सदस्यहरुका तर्फबाट सम्बन्धित निकायको जानकारी र सदस्यहरुका जिज्ञासालाई उचित निष्कर्ष प्राप्त गर्न अध्ययन प्रतिवेदन तयार गरीएको छ ।

Scanned with CamScanner

## १. विषय बस्तुको उठान

कुनै पनि निकायले शेयर अंकीत मुल्य भन्दा बढि मुल्यमा शेयर निस्कासन गरी हिताधिकारीहरु (शेयरधनीहरु ) बाट प्राप्त रकम आयकर ऐनको दफा ३ अर्न्तगत कर योग्य आय हुने नहुने विषय र त्यसरी प्राप्त रकमको हिताधिकारीलाई (शेयरधनीहरुलाई) वितरण गर्दा वा पुंजीकृत गर्दा आयकर ऐनको दफा **५६(३)** ले उल्लेख गरे बमोजिमको ***लाभासंको रुपमा मुनाफा बाहेकको लाभासं वितरण*** हुने की नहुने भन्ने निष्कर्षले, शेयर अंकीत मुल्य भन्दा बढि मुल्यमा शेयर निस्कासनबाट प्राप्त रकमको वितरण गर्ने कारोवारमा आयकर ऐन २०५८ अन्तर्गत कर दायित्व सिर्जित हुने कि नहूने भन्ने विषयको टुंगो लाग्ने हुँदा जनमानस सबैले बुझिने भाषामा **एफपिओमा कर** विषयनै यस प्रतिवेदनको विषयको उठान तथा छलफलको विषय हो ।

## २. अध्ययनको उद्देश्य

एफपिओमा कर लाग्ने नलाग्ने भन्नेमा पटक पटक थरी थरीका धारणाहरु फैलिएकाले करदाता र अधिकांश लेखाब्यवसायी सदस्यहरुको फरक मतको आधारहरु के कस्ता छन भनी सदस्यहरुको फरक मतका आधाारहरुलाई संकलन गर्ने तथा उपरोक्त विषयमा कर लाग्ने नलाग्ने निष्कर्ष प्राप्त गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघले केन्द्र तथा आफना जिल्ला समिति मार्फत छलफल चलाउनु र निष्कर्षमा पुग्नू यसको प्रमुख उद्देश्य रहेको छ । छलफलमा उठेका तर्क तथा निष्कर्षका आधारहरुलाई एकदमै सरल तथा बुझिने ढंगमा प्रस्तुत गर्ने प्रयास गरीएको छ । यस प्रतिवेदनले यस संघको रायलाई प्रतिनिधित्व गर्ने हुँदा यस प्रतिवेदनका कारणले सरोकारवाला तथा करदातामा पर्न सक्ने असर प्रति स्वतन्त्र रही यो प्रतिवेदन तयार गरीएको छ ।

## ३. उपलव्ध नीति पूर्व अध्ययन तथा प्रतिवेदनहरु

एफपिओको कर वा सो सरहको विषयमा हालसम्म निम्न नीति, अध्ययन, प्रतिवेदन तथा राय उपलव्ध रहेका छन्:

क. आयकर निर्देशिका, २०६६

ख. आयकर निर्देशिका, पहिलो संस्करण

ग. आयकर निर्देशिका दोश्रो संस्करण

घ. आयकर निर्देशिका तेश्रो संस्करण

ङ. महालेखापरीक्षकको प्रतिवेदन_

सम्मनित महालेखापरिक्षकको अन्ठाउन्नौ वार्षिक प्रतिवेदन, २०७८ मा यस विषयमा उठान गरीएको सान्दर्भिक अंश निम्न बमोजिम छन् ।



नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ

Scanned with CamScanner

**लाभांशको रुपमा मुनाफा बाहेकको लाभांश वितरणमा कर** - आयकर ऐन, २०५८ को दफा ५६(३) मा उल्लेख भएको मुनाफा बाहेकको लाभांश रकममा तोकिएको अवस्थाभन्दा बाहेकमा निकायको आयमा आयकर लाग्ने व्यवस्था छ । आयकर नियमावली, २०५९ को नियम १८ मा मुनाफा बाहेकको रकममा हिताधिकारीलाई सेवा उपलब्ध गराइएको वा निकायको स्वामित्वमा रहेको सम्पत्ति हिताधिकारीलाई प्रयोगका लागि उपलब्ध गराइएको अवस्थामा निकायको आयमा समावेश गर्नु नपर्ने गरी तोकेको छ ।

विभागले आयकर निर्देशिका (संशोधन सहित) २०६६ को परिच्छेद १३ को बुँदा नं. १३.९ मा मुनाफा बाहेकको वितरणको रूपमा शेयर प्रिमियमबाट बोनस शेयर वितरण भएमा सोलाई सोही ऐनको दफा ५३(१) (क) अनुसार निकायबाट हुने वितरण मानी अन्तिम रूपमा कर कट्टी विधिमा कर लाग्ने उल्लेख गरेको छ ।

सोही ऐनको दफा ५६(३) मा आय गणना गर्न नपर्ने सम्बन्धमा स्पष्ट व्याख्या नभएको अवस्था छ । तर विभागले सो मुनाफाबाट भएको वितरणमा निकायलाई आयकर नलाग्ने दफा ५३(१) को वितरण मानी अन्तिम कर कट्टी विधिले कर असुल गर्ने उल्लेख गरी व्याख्या गर्दा त्यसबाट दफा ५६(३) अनुसार सिर्जित हुने निकायको कर दायित्व नै खारेज वा खण्डित भएको देखिन्छ । आयकर ऐनमा नियमावलीले तोक्ने उल्लेख भए तापनि निर्देशिकामा शेयर प्रिमियमबाट भएको वितरणमा मुनाफा बाहेकको लाभको अवधारणा लागू नहुने नियमावलीले तोकेको भन्दा फरक व्याख्या गरिएको छ । उक्त व्याख्या आयकर ऐन र नियमावलीसँग बाझिई आयकर ऐनको दफा १३९ र १४२ विपरीत देखिन्छ ।

यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा ठूला करदाता कार्यालयअन्तर्गत दर्ता भएका ५ वाणिज्य बैङ्क र १ बीमा कम्पनीको मुनाफा बाहेकको लाभांश वितरण रू. ७ अर्ब १३ करोड २३ लाखमा रू. २ अर्ब १३ करोड ९७ लाख राजस्व छुट हुन गएको व्यहोरा उल्लेख गरिएको छ। तर आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयले उक्त कर छुट रकम असुल गर्ने प्रक्रियाको अवलम्बन नगरी आन्तरिक राजस्व विभागको महानिर्देशकस्तरको २०७८।१।२० को निर्णयबाट शेयर प्रिमियमलाई निकायको आय गणना गरी समावेश गर्नु नपर्ने भनी आयकर निर्देशिकाबाट व्याख्या भएको उल्लेख गरे तापनि सो व्याख्या आयकर ऐनको दफा १३९ र १४२ प्रतिकूल देखिन्छ । यस वर्ष पनि २४ वाणिज्य बैङ्क र १३ बीमा कम्पनीले विभिन्न मितिमा फर्दर पब्लिक अफरिङ र शेयर लिलामीमार्फत् २०७३।७४, २०७४।७५, २०७५।७६ र २०७६।७७ मा आम्दानी गरेको रू.११ अर्ब ६३ करोड ३० लाखमा ३० प्रतिशत हुने कर रू.३ अर्ब ४८ करोड ९९ लाख राजस्व छुट हुन गएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

## ४. आयकरको व्यवस्थाहरु

यस विषयलाई थप विश्लेषण गर्न तथा निष्कर्ष निकाल्न केही कानूनी व्यवस्थाहरुको विश्लेषण गर्नुपर्ने हुन्छ ।

दफा ५६(३) अनुसार "कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रुपमा मुनाफा बाहेकको लाभांश वितरण गरेमा त्यस्तो लाभांशको रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नु पर्नेछ ।"

त्यस्तै, दफा ५३ (१) अनुसार "निकायबाट हुने वितरणमा देहायका कुराहरु समावेश गर्नु पर्नेछ :-

(क) निकायबाट आफ्नो कुनै हिताधिकारीलाई कुनै पनि हैसियतमा गरिएको भुक्तानी, वा

(ख) मुनाफाको पूँजीकरण ।

दफा ५३ (३) अनुसार "कुनै निकायको वितरणले सो निकायको सम्पत्ति र दायित्वको मूल्य घटाउने भएमा मात्र त्यस्तो वितरण मुनाफाको वितरण वा पूँजीको फिर्ता मानिनेछ ।"

दफा ५३ को स्पष्टिकरण खण्ड अनुसार, यस दफाको प्रयोजनको लागि "मुनाफाको पूँजीकरण" भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पूँजिकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा पूँजी खातामा नाफालाई आम्दानी बाँधेको समेतलाई जनाउँछ ।

*कर लेखाङ्कनका शव्द (Characterization) र वित्तीय लेखाङ्कनका शव्द (Recognition) मा अन्तर छ तर वित्तीय लेखाङ्कनका शव्दलाई कर लेखाङ्कनमा प्रयोग गर्दा गलत अर्थ लाग्दछ । त्यसकारण कुन शव्द के प्रयोजनको प्रयोग गर्ने हो अत्यन्त सचेत हुनुपर्दछ । उदाहरणका लागि शेयर प्रिमियम शव्द वित्तीय लेखाङ्कनका शव्द हुन तर कर लेखाङ्कनमा यसलाई पूंजी योगदान भनिन्छ । आयकर ऐनले शेयर प्रिमियमलाई पूँजी योगदान भन्दा फरक रुपमा चिन्दैन ।*

## ५ कानूनी व्यवस्थाको विश्लेषण

### ५.१ मुनाफा (Profits) मा के के पर्छन:

मुनाफामा निम्न दुई मुख्य विषय अन्तर्गतका आम्दानी समावेश हुन्छ:

**(क) करयोग्य आयबाट कर तिरी बाँकी रहेको रकम**

- निकायले गरेका क्रियाकलाप वा निसर्ग गरेका सम्पत्ति वा दायित्वको खुद लाभ समावेश गरेको व्यवसायको कुल आयमा घटाउन पाउने रकम घटाइ बाँकी रहेको करयोग्य आयबाट कर तिरी बाँकी रहेको रकम (कुल आय - घटाउन पाउने रकम)
- निकायले गरेका क्रियाकलाप वा निसर्ग गरेका सम्पत्ति वा दायित्वको खुद लाभ समावेश गरेको व्यवसायको आयमा घटाउन पाउने रकम घटाइ बाँकी रहेको करयोग्य आयमा कर सहुलियत ( Tax–Concession) पाएको रकम
- लाभांस आय

**(ख) कर नतिरी वितरण भएको रकम**

- माथिको खण्ड (क) बमोजिमको कर तिरेको रकम भन्दा बढी लाभांस भुक्तानी वा मुनाफाको पूँजिकरण गरेको अवस्थामा त्यस्तो बढी रकम । (दफा ५६(३) अनुसारको रकम)
- कर प्रयोजनका लागि निसर्ग मानिएको तर वास्तविक रुपमा निसर्ग नभएको सम्पत्ति वा दायित्वमा निहित रहेको नाफाको अंश । (दफा ५३(४), ५६(३), ५७ र ५८ अनुसारको रकम)

*पूँजी योगदानमा कर लाग्ने व्यवस्था हालको मौजुदा आयकर ऐन, २०५८ मा छैन । आयकर ऐन, २०३१ मा चाँही कर नतिरिएको श्रोतबाट पूँजी योगदान गऱ्यो भने लगानीलाई नै करयोग्य आय मानिने व्यवस्था थियो । एफपीओबाट आएको प्रिमियम हिताधिकारी (शेयरधनी) ले निकायलाई पूँजी योगदान गरेको रकमको वर्गीकरण गर्नुपरेको कारणले सो रकमलाई मुनाफा भित्र राख्न मिल्दैन ।*



नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ

Scanned with CamScanner

## ५.२ लाभांश वितरण

देहायका दुई अवस्थामा मात्र लाभांश वितरण गर्न सकिन्छ:

(क) निकायको सम्पत्ति हिताधिकारीलाई हस्तान्तरण हुँदा देहाय अनुसार भुक्तानीवाट लाभांस वितरण हुन्छ:

- वित्तीय विवरणमा रहेका सञ्चित मुनाफा वा सो सरहका वितरणयोग्य मुनाफावाट भुक्तानी
- वित्तीय विवरणमा सञ्चित मुनाफा नभएता पनि सम्पत्तिको बजार मूल्य किताबी मूल्यभन्दा वढी भएको अवस्थामा भएको नगद भुक्तानी वा सम्पत्ति हस्तान्तरण

(ख) निकायको करयोग्य आयको कर आधार पूँजीकरण हुँदा मुनाफाको पूँजिकरणवाट लाभांस वितरण हुन्छ ।

माथि (क) र (ख) मा उल्लेख गरेबाहेक अन्य कुनै तरीकाले गरीने कुनै भुक्तानीहरु वा पूँजिकरणहरु लाभांस वितरण होइनन् ।

***मुनाफाको परिभाषाभित्र एफपीओको प्रिमियम लगायतका हिताधिकारीले गरेका योगदानहरु नपरेको कारणले, एफपीओको प्रिमियमबाट वितरण गरेको लाभांश (बोनश शेयर) आयकर प्रयोजनको लागि लाभांश वितरण नै होईन । दफा ५६(३) को व्यवस्था अनुसार कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रुपमा मुनाफा बाहेकको लाभांश वितरण गरेमा त्यस्तो लाभांशको रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नु पर्नेछ । माथी हामीले गरेको विश्लेषणले सो बोनश शेयर वितरणलाई आयकर प्रयोजनको लागि लाभांश वितरण नै मान्न नमिल्ने देखिएकोले सो रकमलाई दफा ५६(३) अनुसार आयमा समेत समावेश गर्नुपर्ने आधार देखिदैन ।***

## ५.३ एफपीओको प्रिमियमबाट वितरण गरेको (बोनश शेयर)मा कर कट्टी

यो विषयमा आयकर ऐनको दफा ५३ (३) मा उल्लेख भए बमोजिम कुनै निकायको वितरणले सो निकायको सम्पत्ति र दायित्वको मूल्य घटाउने भएमा मात्र त्यस्तो वितरण मुनाफाको वितरण वा पूंजीको फिर्ता मानिनेछ भन्ने वाक्यांशले एफपीओको प्रिमियमबाट वितरण गरेका बोनस शेयरले सम्पत्तिको वा दायित्वको मूल्य नघट्ने तथा सो प्रिमियम मुनाफा नभएकोले मूनाफाको पूँजीकरण पनि भन्न नमिल्ने कारणले उक्त जारी बोनस शेयर दफा ५३ बमोजिमको वितरण समेत नहुदा वितरणमा समेत कर कट्टी गर्न नपर्ने देखिन्छ । तर हाल त्यसरी बोनश शेयर वितरण हुँदा स्रोतमा कर कट्टी हुने प्रचलन रहेको छ ।

*विभागले आयकर निर्देशिका (संशोधन सहित) २०६६ को परिच्छेद १३ को बँदा नं. १३.९ मा मुनाफा बाहेकको वितरणको रूपमा शेयर प्रिमियमबाट बोनस शेयर वितरण भएमा सोलाई सोही ऐनको दफा ५३(१) (क) अनुसार निकायबाट हुने वितरण मानी अन्तिम रूपमा कर कट्टी विधिमा कर लाग्ने उल्लेख गरेको छ ।*

यस्तो वितरणमा विभागले जारी गरेको निर्देशिकामा समेत अन्तिम रुपमा कर कट्टी गर्न भनी उल्लेख गरेकाले हालसम्म कम्पनीले ५% लाभांश कर भनी अन्तिम रुपमा कर कट्टी गर्ने गरेको पाइएको छ , आयकर ऐनको दफा ५३(३), ५३(४), ५३(५) र ५३(६) लाई एकै साथ पढदा मूनाफालाई पूँजीकृत गरेमा वितरण हूने तर शेयर प्रिमियमबाट दिइने बोनस शेयर वितरण नहुने देखिन्छ ।



Scanned with CamScanner

## ५.४ के कस्ता अवस्थाा आयकर ऐनका दफा ५६(३) को प्रयोग हुन्छ वा लागु हुन्छ ?

आयकर ऐनका दफा ५६(३) को उद्येश्य र प्रयोग कुन अवसथाका लागि हो भनेर स्पस्ट गर्न सकेमा यस विषयको निष्कर्शमा पुगिने आधार बन्दछ । त्यसका लागि आयकर ऐनका दफा ५६(३) मा प्रयोग भएका वाक्याशंको विश्लेषण गर्न जरुरी हुन्छ ।

**लाभासंको रुपमा मुनाफा बाहेकको लाभांस वितरण भनेको के हो ?**

मुनाफा भनेको करयोग्य आयको कर आधार हो । निकायका आयका हकमा पहिला निकायलाई संस्थागत आयकर र पछि हिताधिकारीलाई लाभांस कर गरी दोहोरो कर लाग्दछ । मुनाफा वाहेकको लाभांसको व्यवस्थाले हिताधिकारीले चाँही निकायको मुनाफाको प्रतिफल पाइसक्ने तर संस्थागत कर चाँही तिर्न वाँकी रहने अवस्थामा कर लगाएर निकाय र हिताधिकारीलाई समान आधारमा ल्याउने कर घट्न नदिने सुन्दर व्यवस्था हो ।

***करयोग्य आयको कर आधार भन्दा बढी लाभांसको रकम वितरण (मुनाफा पूँजिकरण वा मुनाफाबाट भुक्तानी) भएमा त्यो बढी भए जति 'वितरित मुनाफाको रकम' नै "मुनाफा बाहेकको लाभांस" हो ।***

मुनाफा बाहेकको लाभांस निम्न अवस्थामा सिर्जना हुन्छ, उदाहरणको लागि

क. वित्तीय विवरणमा रहेको मुनाफाभन्दा करयोग्य आय कम भएको अवस्थामा त्यो वित्तीय विवरणमा रहेको मुनाफा नै वितरण भएमा

| विवरण | वित्तीय लेखा | कर आधार | |
|---|---|---|---|
| पूँजी | १,००० | १,००० | |
| सञ्चित मुनाफा | १,००० | ६०० | |
| घटाउने: लाभांश वितरण | (९००) | (६००) | मुनाफाबाट वितरण |
| | | (३००) | मुनाफा वाहेकको वितरण |

माथी उल्लेखित उदाहरणमा लाभांश वितरणको अवस्थाको सट्टा मुनाफाको पूँजीकरण पनि हुन सक्दछ । व्यवहारिक रुपमा यस्तो अवस्था सिर्जना हुने गरेको छ ।

ख. वित्तीय विवरण र करयोग्य आय दुवैतर्फ मुनाफा नरहेको तर सम्पत्ति वा दायित्वको बजार मूल्यमा मुनाफा निहित रहेको अवस्थामा हिताधिकारीलाई भुक्तानी भएमा,

| विवरण | वित्तीय लेखा | कर आधार | बजार मूल्य |
|---|---|---|---|
| पूँजी | १,००० | १,००० | |
| सञ्चित मुनाफा | ० | ० | |
| **जम्मा पूँजी दायित्व** | **१,०००** | **१,०००** | |
| बैंक तथा नगद | २०० | २०० | २०० |
| अन्य सम्पत्ति | ८०० | ८०० | १,४५० |
| जम्मा सम्पत्ति | १,००० | १,००० | |

*कम्पनीको शेयरधनीले बैंकको नगद रु २०० फिकेर लगेमा (फिर्ता गर्ने मनशाय भएता पनि कानूनतः मतलब नहुने केवल हिताधिकारीलाई भुक्तानी मानिने) बजारमूल्यमा रहेको मुनाफा (Unrealized for both financial-accounting and tax-accounting) रु ४५० (रु. १,४५०-१,०००) भएकाले हिताधिकारीलाई भुक्तानी भएको रु. २०० हिताधिकारीले फाइदा लिएको तर संस्थागत आयकर नतिरिएकाले मुनाफाबाटै वितरण भएको मानिन्छ, अर्थात यो मुनाफा बाँडेकको लाभांस हो। यस्तो भुक्तानी रकममा निकायले संस्थागत आयकर तिरी लाभांश कर समेत भुक्तानी गर्नुपर्ने हुन्छ। यस्तो व्यवस्था कानूनमा भएपनि, हालसम्म नेपालमा यसरी कर निर्धारण भएको छैन।"*

## ६. विभागबाट जारी परीपत्र तथा निर्देशिका र करदातालाई पर्ने असर

आयकर ऐन, २०५८ को दफा ७५ अनुसार विभागले जारी गरेको सार्वजनिक परिपत्र बमोजिम रद्द नगरिएसम्म सो परिपत्र बमोजिम कारवाही गर्न विभाग बाध्य हुनेछ भने ऐनको दफा ७६ अनुसार विभागले करदातालाई दिएको पूर्वादेश बहाल रहेसम्म सो आदेश बमोजिम यस ऐनको कार्यान्वयन गर्न विभाग बाध्य हुनेछ। त्यस्तै, विभागले जारी गरेको आयकर निर्देशिकामा गरिएका व्याख्या र उदाहरणहरुले सार्वजनिक परिपत्रको जस्तो मान्यता व्यवस्था छ।

आन्तरिक राजस्व विभागको महानिर्देशकस्तरको २०७८।१।२० को निर्णयबाट शेयर प्रिमियमलाई निकायको आय गणना गरी समावेश गर्नु नपर्ने भनी निर्णय भएको छ। सो निर्णय कार्यन्वयन गर्न कर अधिकृत तथा विभाग बाध्य हुने व्यवस्था ऐनमै रहेको हुंदा यस विवादमा पहिलो सुविधा करदातालाई प्राप्त हुने कानूनी अधिकार समेत सुरक्षित भएको पाईन्छ।

आयकर ऐनको दफा ७५, १३९ र १४२ लाई एकै साथ पढदा करदाताको हकमा सार्वजनिक परिपत्र बमोजिम रद्द नगरिएसम्म आयकर ऐनको दफा ७५ र ७६ करदाताको अधिकारको रुपमा लागु हुने देखिन्छ।

## ७. भारतमा कर कानूनको व्यवस्था

हाम्रो छिमेकी मुलुक भारतमा पनि यस्तो प्रिमियममा आयकर लाग्ने वा नलाग्ने विवाद रहेको थियो। यस सम्बन्धि मुद्दा (TS-430-ITAT-2016) लाई मुम्वई आयकर पुनरावेदन न्यायधिकरणले प्रिमियमलाई व्यवसायको आय नभई यो पूँजीको अंश भएकोले सो आम्दानीमा कर नलाग्ने भनि व्याख्या गरेको छ।

## ८. निष्कर्ष

हाम्रो छलफलबाट आएको निष्कर्षमा शेयर प्रिमियम कर्पोरेट शब्द हो कर शब्द होइन। करमा यो 'पूंजी योगदान' मा समावेश हुन्छ। मुनाफा (tax-base of Profits) बाट शेयर प्रिमियममा थपिएमा (पूंजिकरण गरिएमा) त्यो लाभांस हुन्छ।

शेयर प्रिमियमबाट बोनस शेयर जारी गर्ने गरी पूंजिकरण गरिएमा कर लेखाङ्कनका लागि त्यो 'पूंजी योगदान' बाट 'पूंजी योगदान' मै रहन्छ अर्थात कर लेखाङ्कनको कारोवार नै हुदैन। कर लेखाङ्कनमा असरै नगर्ने हुनाले कर लाग्ने वा नलाग्ने भन्ने कुरै भएन। अर्को भाषामा एक व्यक्तिको पूंजी योगदान अर्को व्यक्तिमा सर्ने मात्र



Scanned with CamScanner

भएकाले यसवाट निकायलाई कुनै पनि लाभ नहुने भएकाले निकायलाई कर लगाउनु न्यायोचित समेत रहदैन । यसका साथै यस्तो अवस्थाबाट एक व्यक्तिवाट अर्को व्यक्तिलाई लाभ हस्तान्तरण हुने अवस्थामा कर लगाउने कानूनको हालको मौजुदा आयकर कानूनमा रहेको पाईदैन ।

शेयर प्रिमियमबाट बोनस शेयर जारी गर्ने गरी पूँजिकरण गरिएमा उक्त कारोवार आयकर ऐनको दफा ५६(३) ले कल्पना गरेको लाभांशको रुपमा मुनाफा बाहेकको लाभांश वितरण नहूने हुदा निकायलाई आयकर ऐनको २०५८ अन्तर्गत यस विषयमा कर लाग्ने कुनै अन्य त्यस्तो दफा भेटिएन ।



नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ

Scanned with CamScanner